

# अर्थ

आगामी आवका लागि सरकारले राजस्व बाँडफाँड र अनुदानवापत प्रदेश र स्थानीय तहलाई एकमुष्ठ ४ खर्ब ४२ अर्ब रुपियाँ बजेट दिएको छ। प्रदेश बजेटको प्रमुख स्रोत यही नै हो। प्रदेशलाई सरकारले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी ४ प्रकारका अनुदान दिन्छ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191

EARTHQUAKE RESISTANT REBAR

नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

ग्लोबल आइएमई बैंक लि.

शाखा कार्यालय, घोराही शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी

३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका श्री छलु दमाईको मिति २०७४/१२/१६ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको छोरी श्री अमृता नेपालीले यस बैंकको शाखा कार्यालयमा मिति २०७५/०१/०२ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, घोराहीमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ग्लोबल आइएमई बैंक लि.

शाखा कार्यालय, धापासी शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी

३५ दिने सूचना

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका बालकृष्ण खत्री र सानुनानी खत्रीको मिति २०७३/११/०३ र २०७३/१२/०१ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको छोरा नारायण बहादुर खत्रीले यस बैंकको शाखा कार्यालयमा मिति २०७५/०१/१६ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, धापासी, बशुन्धारामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २, जुन १६, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०८।५२ | १०९।१२ |
| युरो १ को रू. | १२५।८० | १२६।५० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।१४ | १४४।९४ |
| स्विस फ्रन्क १ को रू. | १०८।७१ | १०९।३१ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।०८ | ८१।५३ |
| क्यानाडियन डलर १ को रू. | ८२।६६ | ८३।१२ |
| सिङ्गापुर डलर १ को रू. | ८०।५६ | ८१।०१ |
| जापानी यन १० को रू. | ९।८१ | ९।८६ |
| चिनियाँ युआन १ को रू. | १६।९० | १६।९९ |
| साउदी अरब रियाल १ को रू. | २८।९४ | २९।१० |
| कतारी रियाल १ को रू. | २९।८१ | २९।९७ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३५ | ३।३६ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।५५ | २९।७१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२३ | २७।३८ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८९ | ९।९५ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३८ |
| डेनिस क्रानर १ का रू. | १६।८८ |
| हङकङ डलर १ का रू. | १३।८३ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## प्रदेश-३ को बजेटमा:

# ऊर्जा, पूर्वाधार र पर्यटनमा जोड

रोशन पराजुली, हेटौंडा

प्रदेश नम्बर ३ सरकारले आर्थिक वर्ष २०७५/७६ को वार्षिक राजस्व तथा व्ययको अनुमान (बजेट) प्रस्तुत गरेको छ। प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलद्वारा प्रस्तुत बजेटअनुसार प्रदेशको बजेट ३५ अर्ब ६१ करोड ५६ लाख रुपियाँ छ।

जसअन्तर्गत आन्तरिक राजस्वबाट ९ अर्ब ३३ करोड ३६ लाख ७३ हजार, संघीय समानीकरण अनुदानबाट ५ अर्ब ९६ करोड ९७ लाख, राजस्व बाँडफाँडबाट ८ अर्ब १९ करोड ६६ लाख २७ हजार, सशर्त अनुदानबाट १० अर्ब ६१ करोड ५६ लाख र नगद मौज्दात ७० लाख रुपियाँ छ।

मुलुक संघीय संरचनामा गएपछि पहिलोपटक गठन भएका प्रदेश सरकारको यो पहिलो बजेट हो। संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, चालू आवमा खर्च नभएर जोहो रहेको रकम र केही आन्तरिक स्रोतको अनुमानका आधारमा बजेट आएको हो।

प्रदेशसभा भवन हेटौंडामा मन्त्री ढुंगेलले स्थानीय तहलाई प्रमुख प्राथमिकतामा पार्दै १ सय १९ स्थानीय तहलाई ५ अर्ब २८ करोड ८२ लाख बजेट विनियोजन गर्नुभएको हो। प्रदेशको आधारको रुपमा रहेको पूर्वाधार विकास, पर्यटन तथा कृषिलाई उच्च प्राथमिकतामा राखिएको छ। प्रदेशको राजस्व दायरा वृद्धि गर्ने बजेटको मुख्य उद्देश्य छ।

आव २०७४/७५ को कुल बजेट १ अर्ब २ करोड ५ लाखमध्ये मन्त्रालय एवम् निकायलाई विनियोजित ३८ करोड ३५ लाख प्रदेशस्तरीय मन्त्रालय एवम् निकायको कार्यसञ्चालन सम्बन्धी क्रियाकलाप सञ्चालनार्थ विनियोजन भएकाले सोको समग्र नतिजा चालू आर्थिक वर्षको अन्त्यसम्ममा प्राप्त हुने अपेक्षा छ।

चालू आवको अर्थ बजेटमा राखिएको बचत रकम ६३ करोड ७० लाखलाई अगामी आवको आम्दानी स्रोतका रुपमा हिसाब मिलान गरिसकिएको छ।

चालू आवको जेठ मसान्तसम्म कुल विनियोजित रकम ३८ करोड ३५ लाखमध्ये ५ करोड २२ लाख अर्थात् १३.६१ प्रतिशत रकम खर्च भएको छ। बाँकी रकम चालू आवको अन्त्यसम्म खर्च हुने अनुमान छ। आव २०७५/७६ का लागि स्रोत बाँडफाँड गर्दा कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण, पर्यटन प्रवर्द्धन र विकास, ऊर्जा र पूर्वाधार विकास, स्वास्थ्यमा सरल र सहज पहुँच, शिक्षाको गुणस्तर विकास, वन र वातावरण संरक्षण, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार, औद्योगिकीकरण र उत्पादकत्व वृद्धि, साझेदारी कार्यक्रम र एकीकृत वस्ती विकासलाई प्राथमिकतामा राखिएको छ।

स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताका आधारमा प्राकृतिक स्रोत तथा वित्त आयोगबाट निर्धारित मापदण्डअनुसार प्रदेशका १ सय १९ वटै स्थानीय तहका लागि समानीकरण अनुदान बाँडफाँड गर्न १ सय करोड रकम छुट्याइएका छ। आयोगको मापदण्डअनुसार उक्त रकम वितरण गर्दा प्रतिस्थानीय तह ३० लाखमा नघट्ने व्यवस्था मिलाइएको छ।

गाउँपालिकाको घरजग्गा महिलाको नाममा नामसारी गर्दा रजिष्ट्रेशन शुल्कमा साविक भन्दा पाँच प्रतिशत थप छुट दिने नीति अवलम्बन गरिने बताइएको छ। १५ वर्षभन्दा पुराना सवारीलाई लाग्ने सवारी करमा १४ वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप कर असुल गरी स्वच्छ वातावरणलाई बढावा दिइने छ।

बजेटमा पोष्टबहादुर बोगटी भीमफेदी-कुलेखानी शुरूङमार्ग परियोजना तथा नुवाकोट-गणेस्थान-बेत्रावती शुरूङमार्ग निर्माण सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरिएको छ। गौरीशंकर-जुगल-गणेश हिमालको आधार शिविर ट्रेल पदयात्रा विकास/विस्तारका लागि आवश्यक बजेटसहित प्रबन्ध मिलाइएको छ। ती पदयात्रा सञ्चालनबाट त्यस क्षेत्रको पर्यटकीय गतिविधि बढ्नसक्ने आशा उहाँको छ।

रसुवागढी, मकवानपुरगढी दरबार, हरिहरगढी, उपरदानगढी, सिन्धुलीगढीको पूर्वाधार निर्माण, रसुवाको स्याफ्रुबेंशीदेखि लाङटाङ उपत्यकाको क्याङजिङ जाने पदमार्गलाई 'डा. प्रह्लाद योञ्जन रेडपान्डा पदमार्ग' नामकरण गरी उक्त स्थानमा सांस्कृतिक संग्रहालय स्थापनासहित मार्ग स्तरोन्नति, रामेछाप डाँडामा तीन लाल (गंगालाल, पुष्पलाल र कृष्णलाल) र सिन्धुलीको दुम्जामा वीपी कोइरालाको शालिकसहित स्मृतिपार्क निर्माण गरिनेछ।

जेपी स्मृति पार्क, आजाद स्मृति वाटिका, पोष्टबहादुर बोगटी स्मृति वाटिका तथा पिस्कर, भिमान र दोरम्बामा स्मृतिपार्क निर्माण कार्य अगाडि बढाउन स्रोतको प्रबन्ध गरिएको छ।




जोड्ने उच्च हिमाली पदमार्ग परियोजना, प्रदेश विश्वविद्यालय परियोजना, पुष्पलाल प्रदेश चक्रपथ परियोजनाका लागि समेत सम्भाव्यता अध्ययन गर्न बजेट विनियोजन गरिएको छ।

बजेटमा पर्यटन प्रवर्द्धनका लागि 'एक हिल स्टेसन-एक वन बगैंचा', 'एक हिल स्टेसन-एक विश्राम तथा मनोरञ्जन घर' निर्माण, पर्यटनलाई प्राथमिकता दिँदै मकवानपुरको थाहानगरमा रहेको दामनलाई आउँदो आर्थिक वर्षमा 'घुम्न जाउँ दामन' वर्षका रुपमा बजेटमा आवश्यक व्यवस्था मिलाइएको छ। प्रदेश सरकारले अन्तरस्थानीय तहको सन्तुलित विकास गर्ने उद्धेश्यले आर्थिक एवम् सामाजिक रुपले पछाडि परेका एवम् मानवविकास सूचकांकमा कमजोर स्थानीय तहका लागि प्रतिजिल्ला एक स्थानीय तहका हिसाबले विशेष अनुदानका रुपमा बाँडफाँड गर्न ६५ करोड विनियोजन गरेको छ।

गोञ्जलापास सञ्चालन एवम् सिन्धु हेरिटेज

प्लाष्टिकजन्य झोला (३० माइक्रोनभन्दा कम) मुक्त प्रदेश निर्माण गर्ने नीतिअनुरुप सहकारितामा आधारित गैरप्लास्टिक झोला उद्योग स्थापना गर्न प्रोत्साहन गरिने, २०८५ सम्म प्रदेशका मुख्य शहरमा पेट्रोलियममुक्त सवारीको परिकल्पना साकार तुल्याउन सार्वजनिक-निजी साझेदारीमा विद्युत्बाट सञ्चालन हुने मास ट्रान्सपोर्ट प्रणालीलाई अभियानका रुपमा प्रवर्द्धन गर्न अध्ययन/अनुसन्धान कार्य प्रारम्भ गरिने, लामोसाँघुदेखि दोलखाको सिमाना (फिल्मसिटी) सम्म केबुलकार, साँगा कृषि विश्वविद्यालय, देवघाटदेखि गोलाघाटसम्म नारायणी नदीमा तटबन्ध, रामेछापको खाँडादेवी अकलेश्वर र सैलुङसम्म पर्यटकीयस्थलमा केबलकार, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा-काठमाडौं रोपवेलाई पर्यटकीय रोपवेका रुपमा सञ्चालनलगायत ५० आयोजनाको सम्भाव्यता अध्ययनका लागि स्रोतको प्रबन्ध गरिएको मन्त्री ढुंगेलले बताउनुभयो। सार्वजनिक बस सेवा सञ्चालनका लागि जोड दिइएको छ। मन्त्री ढुंगेलले 'मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम' लाई प्राथमिकतामा पार्नुभएको छ। बजेटले प्रादेशिक वैज्ञानिक आविष्कार केन्द्र स्थापना, प्रत्येक तीन वर्षमा प्रादेशिक खेलकुद कार्यक्रम, अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने विषयलाई पनि प्राथमिकतामा राखिएको छ। बजेटले एक जिल्ला-एक शीतभण्डार, एक विद्यालय-एक नर्स, २०७८ सम्म बालविवाहमुक्त प्रदेश निर्माणका कार्यक्रमसमेत अघि सारेको छ।

'प्रदेशभित्र सम्बोधन गर्नुपर्ने विषय धेरै छन्। हामीप्रति जनताको अपेक्षा बढेको छ। हामीले छनोट गर्ने हरेक नीति, योजना तथा कार्यक्रमले जनताका अपेक्षालाई सम्बोधन गरेको हुनुपर्छ,' मन्त्री ढुंगेलले भन्नुभयो-त्यसैले सम्भाव्यता अध्ययन, डीपीआर तथा प्राविधिक ड्इङ, डिजाइन र लागत अनुमान तयार भएका योजनालाई उच्च प्राथमिकतासाथ कार्यान्वयन गर्दै जाने एवम् विभिन्न कार्यक्रममार्फत् जनताका मागका आधारमा छनोट गरिएका योजना तथा कार्यक्रमलाई प्रदेशको सीमा, सरकारको प्राथमिकता एवम् कार्यक्षेत्रका आधारमा छनोट गर्ने नीतिसाथ आगामी आवको बजेट तर्जुमा गरिएको छ।

प्रदेशका नीति तथा योजना आयोग उपाध्यक्ष डा. खिमलाल देबकोटाले प्रदेशको बजेट समृद्धितर्फ अग्रसरताका लागि उत्कृष्ट भएको बताउनुभयो। प्रमुख प्रतिपक्ष दलका नेता इन्द्रबहादुर बानियाँले 'बजेट सुन्दा राम्रो भएको' प्रतिक्रिया दिनुभयो।

आगामी आवका लागि सरकारले राजस्व बाँडफाँड र अनुदानवापत प्रदेश र स्थानीय तहलाई एकमुष्ट ४ खर्ब ४२ अर्ब रुपियाँ बजेट दिएको छ। प्रदेश बजेटको प्रमुख स्रोत यही नै हो। प्रदेशलाई सरकारले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी ४ प्रकारका अनुदान दिन्छ।

राजस्व बाँडफाँडवापत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर (भ्याट) को १५/१५ प्रतिशत हिस्सा प्रदेशले पाउँछन्। अन्तरसरकारी वित्त व्यवस्थापन ऐनअनुसार प्रदेश तहले घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आय कर जस्ता कर तथा सेवा शुल्क दस्तुर, पर्यटन दस्तुर र दण्ड जरिवाना प्रदेशको अधिकार क्षेत्र हुन्। यसबाहेक रोयल्टीको २५ प्रतिशत र प्रदेश कानुन तथा अन्य प्रचलित कानुन बनाएर पनि कर तथा गैरकर लगाउनसक्ने अधिकार प्रदेशलाई छ।

चालू आवमा सरकारले प्रदेशलाई दिएको अनुदानको अधिकांश हिस्सा खर्च भएको छैन। यस्तो रकम फ्रिज हुने नभएकाले सञ्चित कोषमा रहेको त्यस रकमलाई पनि आगामी आवको बजेटमा जोड्नसक्ने अवस्था छ। यसबाहेक स्पष्ट आधार खुलाएर घाटाको बजेट ल्याउन पाउने अधिकार पनि प्रदेश सरकारलाई छ। सरकारको अनुमतिमा आन्तरिक ऋण उठाउने कानुनी व्यवस्था पनि छ।

# लगानी गर्न चिनियाँ लगानीकर्तालाई आह्वान

नेपाल समाचारपत्र

काठमाडौं

चीनले अगाडि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ परियोजनाले रोजगारी सिर्जना, पुँजी वृद्धि, नवीनतम् प्रविधिको विकासमार्फत चीन तथा दक्षिण एसिया क्षेत्रका जनताको जीवनस्तरमा सुधार आउने नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले बताउनु भएको छ।

१३औं चीन-दक्षिण एसिया व्यवसाय फोरमको बैठकलाई चीनको यूनान प्रान्तको कुनमिङमा बिहीबार सम्बोधन गर्दै अध्यक्ष राणाले बीआरआई अभियान दक्षिण एसिया तथा चीनबीचको सम्बन्ध सेतुको रुपमा रही यस क्षेत्रको विकासका लागि कोशेढुंगा सावित हुने बताउनुभयो। बीआरआईसँग जोडिएका देशमा खपत हुने वस्तु उत्पादन गर्ने गरी नेपालमा लगानी गर्न चिनियाँ लगानीकर्तालाई अध्यक्ष राणाले आग्रह गर्नु भएको छ। चीन तथा दक्षिण एसियाली राष्ट्रसँग दक्षिण पूर्वी एसिया, मध्य एसिया, युरोप, अफ्रिका र बाँकी भूभागबीच सम्पर्क स्थापित गरी यी देशका अर्थतन्त्रलाई जोड्ने शताब्दीकै महत्वपूर्ण आधार हुने विश्वास अध्यक्ष राणाले प्रकट गर्नुभयो।

नेपाललगायत चीन, भारत, अफगानिस्तान, भुटान, पाकिस्तान, श्रीलंका, माल्दिभ्स, बंगलादेशका व्यावसायिक नेता, सार्क उद्योग वाणिज्य संघका अध्यक्षसहित पदाधिकारीहरू, बाह्य देशका प्रतिनिधिहरू सहभागी सो फोरमको यस वर्षको प्रमुख विषय सेपिङ फ्यूचर टुगेदर- इण्डष्ट्रियल कोअपरेशन अफ म्युचियल ओपनिङ रहेको छ।

नेपालको मुख्य प्राथमिकतानै बाह्य मुलुकसँग प्रभावकारी सम्पर्क स्थापना हो, त्यो भौतिक रुपमा मात्र नभई पछिल्लोपटक उच्च गतिमा अगाडि बढिरहेको सूचनाको राजमार्गमार्फत समेत आफूलाई विश्वसँग समाहित गर्न, त्यसबाट उच्च लाभ उठाउन नेपाल लालायित रहेको बताउँदै अध्यक्ष राणाले आर्थिक रुपान्तरणमा बीआरआई महत्वपूर्ण माध्यम हुन सक्ने विश्वास व्यक्त गर्नुभयो।

सम्बोधनको क्रममा अध्यक्ष राणाले भन्नुभयो-'यस महत्वपूर्ण समारोहमा म चिनियाँ लगानीकर्तालाई चीन तथा बीआरआईसँग जोडिएका देशहरूमा खपत हुन सक्ने वस्तु उत्पादन गर्ने गरी नेपालमा लगानी गर्न आग्रह गर्दछु। यसो हुन सकेमा नेपाललाई औद्योगिक क्षेत्रमा चाहेको लगानीमार्फत बाह्य देशसँगको सम्पर्क विस्तारमा समेत सहयोग पुग्दछ।

आपसी लाभका लागि अर्को महत्वपूर्ण उपाय भनेको राष्ट्रबीच भोलिका कर्णधार यूवालाई एकत्रित गरी कार्यक्रम आदान प्रदान, शिक्षा स्वास्थ्य, विज्ञान र प्रविधि, सांस्कृतिक र पर्यटन जस्ता क्षेत्रमा सहकार्य गरी चीन तथा दक्षिण एसियालाई जोड्न सकिने बलियो सम्भावना रहेको अध्यक्ष राणाले बताउनुभएको छ।

आपसी सहकार्यका माध्यमबाट नयाँ-नयाँ अवसरको सिर्जना गरी यस क्षेत्रका बासिन्दाको जीवस्तर सुधारमा अग्रगामी सोचका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष राणाले यस सन्दर्भमा यस क्षेत्रका राष्ट्रहरूका बजारसम्म सहज पहुँच पुऱ्याउन सकियो भने विकास र समृद्धि टाढाको विषय नहुने बताउनु भयो।

दक्षिण एसिया एक महत्वपूर्ण बजार हुँदाहुँदै पनि विभिन्न कारणले आर्थिक रुपमा आफूलाई सशक्त ढंगबाट अगाडि बढाउन सकेको नेपाली प्रतिनिधिमन्डलले बताएको थियो। संयुक्त सहकार्य गर्दै यस क्षेत्रमा रहेको बलियो युवा जनशक्ति र पर्याप्त स्रोतको अधिकतम प्रयोग मार्फत हाम्रा जनताको जीवनस्तर सुधार गर्न ढिलागर्न नहुने अध्यक्ष राणाले भन्नुभयो-'यसका लागि सिंगो सार्क राष्ट्र तथा चीनसमेत एकजुट भई औद्योगिक विकासमा सहयोग र सहकार्यका माध्यमबाट अगाडि बढ्नुपर्ने खाँचो अम्ल्याउनु भएको थियो।

कुनमिङमा आयोजना भएको चाइना आयात निर्यात व्यापार तथा दक्षिण एसियाली व्यापार मेला उक्त मेलामा नेपालबाट सय वटा स्टलमार्फत् नेपाली वस्तुको प्रदर्शनी भइरहेको छ। अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि चिनियाँ परिषद्,युनान उपपरिषद् र सार्क उद्योग वाणिज्य संघद्वारा संयुक्त रुपमा आयोजना गरिएको उक्त फोरमको बैठकमा भाग लिन महासंघका अध्यक्ष राणाको नेतृत्वमा महासंघको प्रतिनिधिमण्डल चीनको यूनान प्रान्तमा सहभागी जनाइरहेको छ।

# १० वटा आधुनिक शहर निर्माण गरिँदै छ : *प्रम*

काठमाडौं , (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले दुर्गम ठाउँमा पनि आधुनिक शहर विकास गर्न व्यवसायीलाई आग्रह गर्नुभएको छ। सातौं घर जग्गा मेला २०७५को शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

खेतीयोग्य जमिन टुक्र्याएर घर आवास बनाउने नभइ त्यसमा खेती नै गर्नुपर्ने र खेती नहुने स्थान आवासका लागि प्रयोग गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। 'ठूला प्लटमा एकै प्रकारको खेती गर्नुपर्दछ' प्रधानमन्त्री ओलीले भन्नुभयो-' जग्गाको अनावश्यक खण्डिकरण रोक्नुपर्छ।' सरकारले पुष्पलाल राजमार्गमा १० वटा आधुनिक शहर निर्माणको योजना बनाएको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो-'सरकारले नीति बनाइदिने हो शहरको निर्माण व्यवसायीले गर्ने हो।'



सुर्खेत, दाङ, लुम्बिनीमा पनि आधुनिक शहर विकास गरिने प्रधानमन्त्री ओलीको भनाइ छ।

असुक्षित आवासलाई स्थानान्तरण गरेर सुरक्षित स्थानमा सारिने प्रधानमन्त्री ओलीले बताउनुभयो। अब बस्ती निर्माणको ढाँचा परिवर्तन गर्नुपर्ने र व्यवस्थित र आधुनिक शहर निर्माण गर्नुपर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। प्रधानमन्त्री ओलीले घरजग्गा मेलाका निष्कर्षहरू सरकारलाई बुझाउन आग्रह गर्नुभएको छ। 'तपाईंहरूका समस्या के-के छन् सरकारलाई बुझाउनुहोस्' प्रधानमन्त्रीओलीले भन्नुभयो-'सरोकारवाला सबै पक्षसँग छलफल गरेर समस्या सुल्झाउन पहल गरौंला।'

२०७५, असार
शनिबार
२

बजेटमा एक निर्वाचन क्षेत्र एकस्तरीय सडक कार्यक्रमअन्तर्गत प्रदेशका ३६ निर्वाचन क्षेत्रका लागि २ करोड १० लाखका दरले ७५ करोड ६० लाख रुपियाँ विनियोजन गरिएको छ। प्रदेशमा मोटरेवल पुल निर्माण गर्न ५१ करोड ८५ लाख, झोलुङ्गो पुलको निर्माण गर्न ६ करोड २७ लाख रुपियाँ बजेट विनियोजन गरिएको छ।




## प्रदेश–५ को बजेटमा:

# व्यवस्थित शहरीकरण मुख्य एजेन्डा

**यमलाल भुसाल, बुटवल**

प्रदेश नम्बर ५ का आर्थिक मामिला तथा योजना मन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका मुख्यमन्त्री शंकर पोखरेलले प्रदेश नम्बर ५ का निम्ति आर्थिक वर्ष २०७५/७६ को २८ अर्ब ९ करोड ३ लाख रुपियाँको बजेट सार्वजनिक गर्नुभएको छ।

उक्त बजेटमध्ये चालू खर्चतर्फ ११ अर्ब ४६ करोड ५९ लाख ३ हजार अर्थात कूल बजेटको ४० दशमलव ८० प्रतिशत र पुँजीगत खर्चतर्फ १६ अर्ब ६५ करोड ४३ लख ९८ हजार अर्थात कुल बजेटको ५९ दशमलव २० प्रतिशत विनियोजन गरिएको छ। प्रदेशको बजेट संघीय सरकारबाट प्राप्त समानीकरण, समपूरक, सशर्त अनुदान तथा स्थानीय स्रोत परिचालनबाट प्राप्त हुने रकम र चालू वर्षको बाँकी रकमलगायतका शीर्षकबाट प्राप्त हुने विश्वास लिइएको छ।

जसअनुसार प्रदेश सरकारलाई संघीय सरकारबाट वित्तीय समानीकरणमा ६ अर्ब ८६ करोड र सशर्त अनुदानको ९ अर्ब ६७ करोड गरी १६ अर्ब ५४ करोड बजेट प्राप्त भएको छ। त्यसका अतिरिक्त राजस्व बाँडफाँडवापत ८ अर्ब ५० करोड प्राप्त हुने अनुमान प्रदेश सरकारको छ। त्यसैगरी स्थानीय स्रोत व्यवस्थापनबाट करिब ३ अर्ब र प्रदेशको आन्तरिक स्रोतबाट २ अर्ब २५ करोड आम्दानी गर्ने अपेक्षा राखिएको मुख्यमन्त्री पोखरेलले बजेट भाषणमा उल्लेख गर्नुभएको छ। प्रदेश सरकारले प्रदेशमा सवारी साधन कर, घर जग्गा रजिष्ट्रेसन, प्राकृतिक स्रोत तथा नदीजन्य वस्तुको कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, सेवा शुल्क तथा दस्तुर, दण्ड-जरिवाना र कृषि आयकरमार्फत करिव २ अर्व बढी आम्दानी हुने उल्लेख गरिएको छ।

मुख्यमन्त्री पोखरेलले आर्थिक मामिला तथा योजनामन्त्रीको हैसियतले प्रस्तुत गर्नुभएको बजेटमा कृषि, पर्यटन र उद्योगलाई प्राथमिकता दिइएको छ। प्रदेश नं. ५ नेपालकै मिनि नेपाल हो भन्दै मुख्यमन्त्री पोखरेलले समृद्ध प्रदेश सुखी जनता भन्ने नारा पूरा गर्न नयाँ बजेट सफल हुने विश्वास व्यक्त गर्नुभयो।

बजेटमा बुटवलको चरंगेदेखि झुम्सा जोडने वैकल्पिकमार्ग प्रदेश सरकारको प्राथमिकतामा रहेको उल्लेख छ।

उक्त मार्गका लागि आगामी आर्थिक वर्षमा १० करोड विनियोजन गरिएको छ भने लुम्बिनी, कपिलवस्तु र नवलपरासी जोड्ने बुद्ध सर्किटमा मोनोरेलको सम्भाव्यता अध्ययन गरिने बजेटमा उल्लेख गरिएकोछ।

यसैगरी बुटवलको ऐतिहासिक जीतगढी किल्लाका लागि १ करोड ५० लाख, पाल्पा दरबारलाई प्रादेशिक संग्रहालय बनाउने, पाल्पाको श्रीनगर, बर्दियाको ठाकुरद्वारामा सांस्कृतिक डबली निर्माण गर्न २ करोडको दरले बजेट विनियोजन गरिएको छ।

बजेटमा हाइड्रोसिलको नि:शुल्क उपचार गर्ने, आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने, ५० बेडका सरकारी अस्पतालमा अनिवार्य दुई एम्बुलेन्स व्यवस्था गर्ने, स्थानीय तहमा उद्यमशीलता विकासका लागि बजेट व्यवस्था र गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम घोषणा गरिएको छ।

यसैगरी ढुंगा बालुवा खानी सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरिएको उल्लेख छ भने जगदिशपुर तालका लागि २ करोड, गजेडी तालका लागि २ करोड, एक गाउँ एक पोखरीका लागि ४ करोड तथा थप पोखरीका लागि राष्ट्रपति चुरेसँग सहकार्य गरी नयाँ कार्यक्रम गरिने बजेटमा उल्लेख छ। बजेटमा भैरहवा–बुटवल, नेपालगञ्ज–कोहलपुर र तुलसीपुर–घोराहीको एकीकृत विकास गरी महानगर प्राधिकरण बनाउन बजेटको व्यवस्था गरिएको उल्लेख छ।

सञ्चारमैत्री सरकार, विकासमैत्री सञ्चार सरकारको नीतिअन्तर्गत लोककल्याणकारी विज्ञापनको व्यवस्था तथा प्राकृतिक प्रकोप प्रभावितलाई तत्काल राहत दिन प्रदेश विपद् कोष स्थापना गरिने बजेटमा उल्लेख छ। त्यसका लागि निर्देशिका बनाएर कोष सञ्चालन गरिने छ भने दाङ र बुटवलमा रंगशाला बनाउनका लागि बजेटको व्यवस्था तथा लमहीमा क्रिकेट रंगशाला वनाइने उल्लेख गरिएको छ। प्रदेश सरकारले यसपटकको बजेटमा पाल्पा-रोल्पा सडकलाई विशेष प्राथमिकता दिएको छ। यस्तै स्थानीय तहका केन्द्रसम्म पुग्ने सडक, जिल्लाका रणनीतिक सडक पनि बजेटमा समावेश भएका छन।

नेपालको संविधानको अनूसूची बमोजिम प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका र प्रदेश र स्थानीय तहको साझा सूचीमा रहेका विषयमा कर तथा गैरकर राजस्व लगाउने, उठाउने, बाँडफाँड गर्ने, सञ्चित कोषमा दाखिला गर्नेजस्ता अधिकार प्रदेश सरकारसँग छन्। कर संकलनको काम प्रदेश सरकारले स्थापना गर्ने कर कार्यालय र स्थानीय तहमार्फत् हुनेछन्।




## प्रदेश–४ को बजेटमा:

# एक निर्वाचन क्षेत्र एक स्तरीय सडक

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रदेश नम्बर ४ को सरकारले आगामी आर्थिक वर्ष २०७५/७६ का लागि २४ अर्ब २ करोड ३३ लाख रुपियाँको बजेट विनियोजन गरेको छ।

शुक्रबार प्रदेशसभाको बैठकमा प्रदेश नम्बर ४ का आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले चालूतर्फ ६ अर्ब ९१ करोड ५५ लाख र पुँजीगततर्फ १५ अर्ब ९० करोड ७८ लाख रुपियाँको बजेट प्रस्तुत गर्नुभएको हो।

बजेटमा अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ १ अर्ब २० करोड रुपियाँ विनियोजन गरिएको छ। संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान ६ अर्ब ७७ करोड ६७ लाख, सशर्त अनुदान ६ अर्ब ५० करोड १९ लाख, राजस्व बाँडफाँडबाट प्राप्त हुने ६ अर्ब ५७ करोड ६० लाख, समपुरक अनुदान ७१ करोड ४२ लाख र विशेष अनुदान ३५ करोड ५० लाख रुपियाँ बजेटको स्रोत रहेका छन्।


त्यस्तै आन्तरिक राजस्वबाट १ अर्ब ६९ करोड ९५ लाख प्राप्त हुने अनुमान गरिएको छ। बजेटमा अपुग १ अर्ब ४० करोड न्युन हुनेमा गत आर्थिक वर्षको नगद मौज्दात ६० करोड रहेकोमा बाँकी आन्तरिक ऋणबाट ८० करोड व्यहोरिने भएको छ।

बजेटमा एक निर्वाचन क्षेत्र एकस्तरीय सडक कार्यक्रमअन्तर्गत प्रदेशका ३६ निर्वाचन क्षेत्रका लागि २ करोड १० लाखका दरले ७५ करोड ६० लाख रुपियाँ विनियोजन गरिएको छ। प्रदेशमा मोटरेवल पुल निर्माण गर्न ५१ करोड ८५ लाख, झोलुङ्गे पुलको निर्माण गर्न ६ करोड २७ लाख रुपियाँ बजेट विनियोजन गरिएको छ। बजेटमा दुई वर्षभित्र विद्युत् नपुगेका ठाउँमा बिजुली पुऱ्याउन ३८ करोडर ५ वर्षभित्र काठको प्रतिस्थापन गर्न ५ करोड रुपियाँ विनियोजन गरिएको छ।

मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँका लागि रु १० करोड ८०, तटबन्धन निर्माणका लागि २५ करोड ९५ लाख, फेवातालको पूर्वाधार विकास र सौन्दर्यीकरणका लागि ८ करोड छुट्याइएको छ।

'एक पालिका एक उत्पादन कार्यक्रम' अघि बढाउँदै एक स्थानीय तह एक शीत भण्डारका लागि २६ करोड ५० लाख छुट्याएको छ।

त्यस्तै एक स्थानीय तह, एक औद्योगिकग्रामको स्थापनाका लागि१२ करोड, सामुदायिक विद्यालय शौचालय, खानेपानी ट्यांकी निर्माणका लागि ३० करोड बजेट छुट्याएको छ। बजेटमा क्यान्सर, मुटु र मृगौला रोगको अत्याधुनिक र सुविधा सम्पन्न विशिष्टीकृत अस्पताल निर्माण गर्न रु १० करोड छुट्याइएको छ।




## प्रदेश–१ को बजेटमा:

# जलविद्युत्लाई प्राथमिकता

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रदेश नम्बर १ सरकारले आगामी आर्थिक २०७५/७६ का लागि ३५ अर्ब ९३ करोड ६० लाख बजेट प्रदेशसभामा पेस गरेको छ। 'सबैभन्दा बेस एक नम्बर प्रदेश' भन्ने नारासहित प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्वोले प्रदेश सभामा बजेट पेस गर्नुभएको हो।

प्रदेश सरकारले कुल बजेटमध्ये पुँजीगततर्फ १८ अर्ब ५० करोड ९२ लाख अर्थात ५१ दशमलव ५ प्रतिशत र चालूतर्फ १४ अर्ब ९२ करोड २८ लाख अर्थात ४१ दशमलव ५ प्रतिशत बजेट प्रस्तुत गरेको हो। बजेटमा अन्तर सरकारी हस्तान्तरणतर्फ २ अर्ब ५० करोड ५० लाख रुपियाँ विनियोजन गरिएको छ। बजेटमा संघीय सरकारबाट प्राप्त हुने अनुदान २२ अर्ब ८८ करोड ७० लाख, राजस्व बाँडफाँडबाट प्राप्त हुने ९ अर्ब १८ करोड ११ लाख र आन्तरिक राजस्वबाट ३ अर्ब ६६ करोड ७८ लाख रुपियाँ प्राप्त हुने आंकलन गरिएको छ।

प्रदेश सरकारले गरिबी न्यूनीकरण गर्ने, प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने, भौतिक तथा सामाजिक पूर्वाधार तयार गरी समुन्नत सुदृढ स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने उद्देश्यसहित बजेट तयार गरेको आर्थिक मामिलामन्त्री आङ्वोले बताउनुभयो। मन्त्री आङ्बोले प्रस्तुत गरेको बजेटमा आगामि ५ वर्षमा १५ सय मेगावाट, १० वर्षमा ३ हजार र १५ वर्षमा ४ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने उल्लेख छ। जसका लागि प्रदेश स्तरमा जलविद्युत् लगानी कम्पनी गठन गर्ने उल्लेख छ। प्रदेश सरकारले जलविद्युत्को विकासका लागि ७१ करोड बजेट विनियोजन गरेको छ।

यस्तै उद्योगको विकासका लागि प्रदेश सरकारले १ अर्ब ३० करोड विनियोजन गरेको छ। यस्तै शिक्षाको क्षेत्रमा सरकारले १ अर्ब ३५ करोड बजेट विनियोजन गरेको छ। यस्तै स्वास्थ्यको क्षेत्रमा पनि प्रदेश सरकारले स्वस्थ जनता प्रदेशका मूल्य निधी भन्ने नारा अबलम्वन गरेको छ। स्वास्थ्य क्षेत्रको विकासका लागि प्रदेशले १ अर्ब ४४ करोड विनियोजन गरेको छ। यस्तै खेलकुदको विकासका लागि ४३ करोड, आवास तथा भौतिक पूर्वाधारका लागि ९ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ। वन, वातावरण संरक्षण, सरसफाई र खानेपानीमा २ अर्ब ७४ करोड बजेट विनियोजन गरिएको छ भने सुरक्षा, सामाजिक न्याय, सद्भाव, संस्कृति र एकताका लागि १ अर्ब २९ करोड रकम विनियोजन गरेको छ।




# प्रदेश नम्बर २ को बजेटमा नारा धेरै




जनकपुर, (नेस)

प्रदेश नम्बर २ को सरकारले आगामी आव २०७५/७६ का लागि २९ अर्ब ७८ करोड ६९ लाख ३८ हजार रुपियाँको बजेट प्रस्तुत गरेको छ। शुक्रबार प्रदेशसभा बैठकमा प्रदेश नम्बर २ का अर्थमन्त्री विजय यादवले चालूतर्फ १४ अर्ब ४७ करोड ५६ लाख १३ हजार अर्थात् ४८.६० प्रतिशत र पुँजीगततर्फ १५ अर्ब ३१ करोड १३ लाख २१५ हजार अर्थात् ५१.४० प्रतिशतको बजेट प्रस्तुत गर्नुभएको हो।

बजेटमा प्रदेश नम्बर २ का ११६ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँडका लागि ४० करोड विनियोजन गरिएको छ। स्थानीय तहमा क्रमश: ५० लाख, एक करोड, दुई करोड र तीन करोड रुपियाँ सशर्त अनुदान उपलब्ध गराउन १ अर्ब ११ करोड ५० लाख बजेट छुट्टाइएको छ।

प्रदेशसभा सदस्यका लागि प्रत्येक निर्वाचन क्षेत्र ५० लाखका दरले ३२ करोड विनियोजन गरिएको छ। 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान'लाई निरन्तरता दिँदै २० करोड ९२ लाख तथा मुख्यमन्त्री स्वच्छता अभियानका २१ करोड ६१ लाख विनियोजन गरिएको छ। सडक सञ्जाल विकासका लागि १ अर्ब २६ करोड, 'हर खेतमे पानी, हर हातमे काम' भन्ने नाराका साथ सिंचाइ क्षेत्रका लागि ५२ करोड ५२ लाख, बाढी पुन:स्थापनाका लागि ३६ करोड १८ लाख रुपियाँ बजेट विनियोजन गरिएको छ।

## कर्णाली प्रदेशको बजेटमा २८ अंकको संयोग

# प्रत्येक सांसदलाई ५ करोड




सुर्खेत, (नेस)

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ का लागि २८ अर्ब २८ करोड २८ लाख २८ हजारको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वालाले बजेटमध्ये चालू खर्चतर्फ छ अर्ब ६३ करोड ८४ लाख ८५ हजार र पुँजीगततर्फ २१ अर्ब २४ करोड ४३ लाख ४३ हजार रुपियाँ विनियोजन गरिएको बजेट पेश गर्नुभयो।

बजेटमा आन्तरिक राजस्वबाट ५० करोड, चालू आवको बचत ५० करोड, संघीय सरकारबाट राजस्व बाँडफाँडवापत प्राप्त हुने ५ अर्ब ५१ करोड, वित्तीय समानीकरण अनुदानबाट प्राप्त ९ अर्ब १३ करोड १४ लाख र सशर्त अनुदानबाट ६ अर्ब ६३ करोड, समपूरक र विशेष अनुदानबाट ५ अर्ब प्राप्त हुने अनुमान गरिएको छ।

'जनता सडक कार्यक्रम' अन्तगर्त प्रत्येक सांसदलाई ५ करोडका दरले १ अर्ब २० करोड रुपियाँ बजेट विनियोजन गरिएको छ।

प्रदेश गौरवका सडक आयोजना निर्माणका लागि बहुवर्षीय आयोजनाका रुपमा १ अर्ब २८ करोड, स्थानीय तहका सडक निर्माण, मर्मत र स्तरोन्नतिका लागि २० करोड, शहरमा सडक निर्माण र स्तरोन्नति गर्न १४ करोड रुपियाँ छुट्याइएको छ। प्रदेश सरकारले सय मेगावाटको एक जलविद्युत् आयोजना निर्माण गर्ने भएको छ। साथै कर्णाली र भेरी करिडोरमा विद्युत् प्रसारणलाइन विस्तार तथा साना तथा मझौला जलविद्युत् आयोजना निर्माण गर्नका लागि सार्वजनिक, सामुदायिक र निजी लगानीलाई प्रोत्साहन गर्न २५ करोड बजेट विनियोजन गरिएको छ।

# प्रदेश नम्बर ७ को बजेट २५ अर्ब

**नेपाल समाचारपत्र**

धनगढी

प्रदेश नम्बर ७ को सरकारले आव २०७५/७६ का लागि रु २५ अर्ब छ करोड ५६ लाख १४ हजार रुपियाँको बजेट प्रस्तुत गरेको छ। प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहराले चालूतर्फ १३ अर्ब ३५ करोड ८ लाख १ हजार अर्थात ५३ दशमलब २६ प्रतिशत र पुँजीगततर्फ ११ अर्ब ७१ करोड ४८ लाख १३ हजार अर्थात ४६ दशमलव ७४ प्रतिशत विनियोजन गरिएको बजेट प्रस्तुत गर्नुभयो।

बजेटका स्रोतमध्ये आन्तरिक राजस्वबाट ४९ करोड ३० लाख, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान र चालू आवको बजेट बचत गरी ८ अर्ब ४७ करोड ४६ लाख ५३ हजार, स्थानीय तहबाट राजस्व बाँडफाँड भई प्राप्त हुने ७ अर्ब ५७ करोड एक लाख ६१ हजार, सशर्त अनुदानबाट प्राप्त हुने ६ अर्ब ३२ करोड ७८ लाख संघीय सरकारबाट समपुरक अनुदानबाट प्राप्त हुने २ अर्ब र विशेष अनुदानबाट प्राप्त हुने २० करोड रुपियाँ प्राप्त हुने अनुमान गरिएको छ।

